# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## परासी, नवलपरासी(ब.सु.प.)
### लुम्बिनी प्रदेश नेपाल

च.नं.: ४१७३४

प. सं :२०७७/०७८

मिति :२०७८/०२/०९

**श्री सामुदायिक तथा संस्थागत विद्यालय सबै**
**रामग्राम नगरपालिका, नवलपरासी ।**

### विषय :- विद्यालयको परीक्षा र नतिजा सम्बन्धमा ।

प्रस्तुत विषयमा कोरोना भाइरसको नयाँ भेरियन्ट सहितको संक्रमण तीब्र रुपमा फैलिरहेको कारण विद्यार्थीको भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न स्वास्थ्य सुरक्षाका कारणले उपयुक्त नभएको अवस्थालाई मध्यनजर गर्दै रामग्राम नगरपालिका आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०७८/०२/०९ को बैठकको निर्णयानुसार विद्यालयस्तरका परीक्षा सम्बन्धमा तपसील बमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

**तपसील :**

१. शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा पहिलेनै लिइसकेका विद्यालयहरुले सोही आधारमा नतिजा प्रकाशन गर्ने । केही विषयको मात्र परीक्षा लिएको भए ति विषयको नतिजा सोही आधारमा तयार गर्ने ।

२. वार्षिक परीक्षाको रुपमा परीक्षा नै नलिएका विद्यालयहरुले प्रथम त्रैमासिक परीक्षाको प्राप्ताङ्कबाट ३०% र २०७७ चैत्रमा भएको अर्धवार्षिक परीक्षाको प्राप्ताङ्कबाट ४०% र विषयगत/कक्षा शिक्षकले गरेको सिकाइ उपलब्धी परीक्षा, कक्षा कार्य, विद्यार्थीको नियमितता आदिको मूल्याङ्कनको आधारमा ३०% अङ्कको मूल्याङ्कन गरी वार्षिक नतिजा तयार गर्ने ।

३. आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को २०७७ को नतिजा सम्बन्धमा बुदाँ नं. २ बमोजिम वार्षिक मूल्याङ्कन गर्ने र शिक्षा शाखाले तोकेको ढाँचामा मूल्याङ्कन विवरण तयार गरी २०७८ जेठ २१ गते सम्म नगरपालिका शिक्षा शाखामा mail (khanalsundar977@gmail.com) मार्फत पठाउने । कक्षा ८ को नतिजा रामग्राम नगरपालिकाले प्रकाशन गर्ने छ ।

४. सामुदायिक तथा संस्थागत विद्यालयहरुले माथि बुदाँ नं. १ र २ मा भनिएबमोजिम वार्षिक नतिजा तयार गरी कक्षा १-९ (कक्षा ८ बाहेक) को नतिजा २०७८/०२/२५ देखि ३० गते सम्म सार्वजनिक गर्ने ।

५. माथि भनिएअनुसारको कार्यको तयारीको लागि मास्क, सेनिटाइजरको प्रयोग, सामाजिक दुरी कायम जस्ता स्वास्थ्य सुरक्षाका मापदण्ड कायम गरेर मात्र यि कार्यहरु गर्नुहुन र विद्यालयमा शिक्षकको न्यून/आलोपालो उपस्थितिमा तयारी गर्ने व्यवस्था प्र.अ. ले मिलाउनु पर्नेछ । विद्यालयबाट आवश्यक विवरण लिइसकेपछि घरमै बसी तयार गरेर विद्यालयमा पठाउन सकिने छ ।

६. शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा(मूल्याङ्कन) को नतिजा प्रकाशन नहुँदै अर्थात २०७८ जेठ महिनामा नयाँ शैक्षिक सत्र २०७८ का लागि विद्यार्थी भर्ना नगर्नुहुन समेत सूचित गरिन्छ ।

७, २०७८ असार १ गते देखि पनि विद्याथीको भौतिक उपस्थितिमा कक्षा सञ्चालन हुन सक्ने सम्भावना प्राय नदेखिएकोले नयाँ शैक्षिक सत्रको सुरुवात सँगै सिकाइका वैकल्पिक विधिबाट सिकाइ सहजिकरणका लागि आवश्यक तयारी समेत गर्नुहुन ।

रुद्र प्रसाद रेग्मी
नगर शिक्षा अधिकारी

School Code

**RAMGRAM MUNICIPALITY**
**BASIC LEVEL EXAMINATION - 2077( CLASS 8)**
**THEORY AND PRACTICAL MARKS**

| School's Name;- | | | | | | | | | | | | | Address:- | | | | | | | | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N. | Symbol No. | Student's Name | Date of Birth | English | | Nepali | | Math | Science and Environment | | Social and Pop. | | HPE | | Moral Edu. | | OBT | | OPT | | |
| | | | | Th. | Pr. | Th. | Pr. | | Th. | Pr. | Th. | Pr. | Th. | Pr. | Th. | Pr. | Th. | Pr. | Th. | Pr. | |
| 1 | | | | | | | | | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | | | | | | | | | |
| 6 | | | | | | | | | | | | | | | | | | | | | |
| 7 | | | | | | | | | | | | | | | | | | | | | |
| 8 | | | | | | | | | | | | | | | | | | | | | |
| 9 | | | | | | | | | | | | | | | | | | | | | |
| 10 | | | | | | | | | | | | | | | | | | | | | |
| 11 | | | | | | | | | | | | | | | | | | | | | |
| 12 | | | | | | | | | | | | | | | | | | | | | |
| 13 | | | | | | | | | | | | | | | | | | | | | |
| 14 | | | | | | | | | | | | | | | | | | | | | |
| 15 | | | | | | | | | | | | | | | | | | | | | |
| 16 | | | | | | | | | | | | | | | | | | | | | |
| 17 | | | | | | | | | | | | | | | | | | | | | |
| 18 | | | | | | | | | | | | | | | | | | | | | |
| 19 | | | | | | | | | | | | | | | | | | | | | |
| 20 | | | | | | | | | | | | | | | | | | | | | |

Prepaerd By    Checked By    Head teacher's Signature    School;s Stam